Diploma Programme
Programme du diplôme
Programa del Diploma

# Nepali A: literature – Standard level – Paper 1
# Népalais A : littérature – Niveau moyen – Épreuve 1
# Nepalés A: literatura – Nivel medio – Prueba 1

Wednesday 10 May 2017 (afternoon)
Mercredi 10 mai 2017 (après-midi)
Miércoles 10 de mayo de 2017 (tarde)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

---

### Instructions to candidates

- Do not open this examination paper until instructed to do so.
- Write a guided literary analysis on one passage only. In your answer you must address both of the guiding questions provided.
- The maximum mark for this examination paper is **[20 marks]**.

### Instructions destinées aux candidats

- N'ouvrez pas cette épreuve avant d'y être autorisé(e).
- Rédigez une analyse littéraire dirigée d'un seul des passages. Les deux questions d'orientation fournies doivent être traitées dans votre réponse.
- Le nombre maximum de points pour cette épreuve d'examen est de **[20 points]**.

### Instrucciones para los alumnos

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un análisis literario guiado sobre un solo pasaje. Debe abordar las dos preguntas de orientación en su respuesta.
- La puntuación máxima para esta prueba de examen es **[20 puntos]**.

2217 – 0143



© International Baccalaureate Organization 2017

International Baccalaureate
Baccalauréat International
Bachillerato Internacional

कुनै **एक** उद्धरणको मात्र साहित्यिक विश्लेषण लेख्नुहोस् । तपाईंका उत्तरले तल दिइएका दुईवटा निर्देशित प्रश्नहरूलाई सम्बोधन गरेको हुनुपर्छ :

**1.**

कोठा बढार्दाबढार्दै टेबुलमुनि छरिएका कागजका केही रङ्गीन टुक्राहरू देखेर मेरा हातहरू अनायासै रोकिन्छन् । त्यो देखेर एकपल्ट म नराम्रो गरी झस्किन्छु । तिनलाई बढारेर बाहिर फ्याँक्न पनि सक्दिनँ न त टिपेर राख्न नै सक्छु । सन्दिग्ध र आतङ्कित पार्ने प्रकाशको हेराइ र अनुहार एकै पटक मेरो मानसपटलमा आउँछ । बिस्तारै म शिथिल हुँदै जान्छु । हिजो राति झैं लल्याकलुलुक गल्न थाल्छु ।

केही महिनाअगाडि एउटा सेमिनारमा भाग लिन म बेजिङ गएकी थिएँ । त्यही प्रसङ्गको कुराकानीमा त्यहीँ चिनजान भएको एउटा युवकसँग केही नजिक उभिएको मेरो तस्बिर हिजो देखेपछि प्रकाशले एल्बमका अरू पानाहरू पल्टाउन छाडेको थियो । केही नबोलेर घरी मेरा आँखामा र घरी त्यस तस्बिरमा घुरेर हेरिरह्यो । त्यतिखेर मलाई एउटा नजानिँदो असजिलो अनुभव भयो । उसको निःशब्द आक्रोश र विद्रोह देखेर म भित्रभित्रै काम्न थालें, डराउन थालें । कुन्नि कस्तो बाध्यतामा आफूलाई बाँधेर हो वा पाएर हो नचाहेरै पनि मैले त्यो तस्बिरलाई एल्बमबाट झिकें । ध्वारध्वार्ती च्यातेर यसरी फ्याँकें मानौं हातमा कुनै घिनलाग्दो वस्तु टाँसिएको थियो । अनि उसको अनुहारमा सगर्व यसरी हेरेँ, सारा जिन्दगी समर्पित गर्ने विश्वास दिलाएर त्यसको प्रमाणपत्र वा भरपाई मागिरहेकी छु ।

अहिले त्यो सम्झेर मलाई आफैँसँग रिस उठ्न थालिरहेको छ । आफूलाई चिथोरूँ-कोपरूँ झैं लागिरहेको छ । अरू बेला मभित्र दन्किने आगो जस्तो साहस, उत्साह र चाहनाहरू उसको सामिप्य र स्पर्श हुन थालेपछि किन निभ्न थाल्छन् ? हराउन र बिलाउन थाल्छन् ? अहिले म आफैँलाई प्रश्न गर्न थाल्छु । कतै म ऊसँग आफूलाई बाँधेर आफ्ना सारा लक्ष्य र दायित्वबाट पन्छिन र उम्किन खोजिरहेकी त हैन ? त्यो अनावश्यक डर, त्रास र आशङ्कालाई नै कतै मैले आफ्नो सुरक्षाको कवच त ठानिरहेकी छैन ? नत्र म किन यो आफूले धान्न नसक्ने गह्रौं र पर्नेनपर्ने चीज पनि बोकिरहेकी छु ? आफैँलाई किच्ने गरी किन यसलाई ओढिरहेकी छु ? किन ? किन, के आखिर प्रेम भनेको यही हो त, स्वास्नीमान्छेले आफ्ना सम्पूर्ण इच्छा र आकाङ्क्षाहरूमाथि बुल्डोजर चलाएर लोग्नेमान्छेको रहर र जिज्ञासामा समर्पित भइदिनु ? के त्यो प्रेमको नाममा भावनात्मक शोषण र मानसिक दमन होइन र ? कति नै उदाहरण छन् र एउटा लोग्नेमान्छे आफ्नी आमा, स्वास्नी वा प्रेमिकाका लागि सम्पूर्ण रूपले समर्पित भएको ? यदि ऊ कसैसँग मानसिक रूपमा समर्पित छ भने शारीरिक रूपमा हुँदैन र कतै शारीरिक रूपमा छ भने मानसिक रूपमा हुँदैन । जुनसुकै सम्बन्ध र सम्बोधनमा पनि स्वास्नीमान्छे कतै न कतै टुक्रिएकी हुन्छे, भाँचिएकी हुन्छे, जसरी म टुक्रिएकी छु, भाँचिएकी छु, विखण्डित र विभाजित भएकी छु ।

सीता पाण्डे, *प्रज्ञा नेपाली आधुनिक कथा*, २०७० ।

(क) यस उद्धरणमा महिलाले व्यक्त गरेको विचारलाई मूल्याङ्कन गरी आफ्नो सुझाउ प्रस्तुत गर्नुहोस् ।

(ख) उक्त उद्धरणमा प्रयुक्त भाषाशैलीले प्रस्तुतिमा पारेको प्रभावबारे आफ्नो राय प्रस्तुत गर्नुहोस् ।

**2.**

छाती भरिका
दु:ख सुख ऐचोपैंचो गर्ने
फूलहरूलाई
रगतको झरीले
निथ्रुक्क भिजाएको
आँखाभरि हेरिरहन सक्दिनँ म
आगोको लप्काबाट
गुडुल्किँदै आएको
धूवाँको मुस्लोले
सुकोमल फूललाई
पिल्स्याउने अनुमति छैन कहिल्यै

थुङ्गा थुङ्गा फूलहरू
आगोको लप्का
र रगतको झरीबाट
भयभीत भएर डाली-डालीमै
ओइलाउन खोज्छ भने
कदाचित् सह्य हुने छैन
वीर फूल मूर्झाएको

मेरो अनुरोध छ
मेरा आफन्त फूलहरू हो !
त्यो आगोको विरुद्धमा
भाका हालेर मीठो गीत गाऔं
आगोको पहाडअघिल्तिर
फूलको हिमाल भएर उभिऔं !

तिम्रा हिउँजस्ता सेता पत्र-पत्र
स्वाभिमान कुल्चेर
विजय-उत्सव मनाउन सक्ने छैनन् उनीहरू
मलाई विश्वास छ
फेरि कहिल्यै नओइलाउने गरी
ढकमक्क फुल्छौं
हामी सबै फूलहरू ।

निलम कार्की निहारिका, *नीलम कार्की निहारिकाका कविता,* २०६३ ।

(क) यस कविताको “म” पात्रले के कुराको अपेक्षा गरेको छ अनि त्यस प्रति तपाईंको के राय छ ?

(ख) यस कवितामा प्रयुक्त प्रतीक र विम्बहरूले कविताको अर्थमा कस्तो प्रभाव पारेका छन् ?